पुर्वीचौकी गाउँपालिका

सुदूरपश्चिम प्रदेश , नेपाल, सानागाउँ डोटी

# पुर्वीचौकी राजपत्र

खण्डः १ संख्याः ८ मितिः २०७६/२/१८

भाग–१

पूर्वीचौकी गाउँपालिका

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभालाई संविधानको अनुसुची ८ र अनुसुची ९ बमोजिम अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाउन सक्ने प्रावधान अन्तर्गत पूर्वीचौकी गाउँसभाले बनाएको स्वयंसेवक परिचालन कार्यविधि २०७६ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएकोछ ।

# पूर्विचौकी गाउँपालिका, डोटी
## स्वयं सेवक परिचालन कार्यविधि ,२०७६

प्रस्तावना

पूर्वीचौकी गाउँपालिकामा स्वयंसेवक परिचालन गरी स्वयंसेवाको माध्यमबाट गाउँपालिकाको विकासमा योगदान पुऱ्याउन आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन , २०७४ ले दिएको अधिकार प्रयोग गरि पूर्वीचौकी गाउँपालिकाले स्वयंसेवक परिचालन कार्यविधि , २०७६ बनाएको छ ।

१) संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यबिधिको नाम पूर्वीचौकी गाउँपालिकाको स्वयंसेबक परिचालन कार्यविधि २०७६ रहेको छ ।

(२) यो कार्यबिधि गाउँपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२ **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) अप्राबिधिक स्वयंसेबक भन्नाले यो कार्यविधि अनुसार परिचालित प्राबिधिक बाहेकका स्वयंसेवकलाई सम्झनु पर्छ ।

(ख) गाउँपालिका भन्नाले पूर्वीचौकी गाउँपालिका सम्झनु पर्छ ।

(ग) कार्यबिधि भन्नाले पूर्वीचौकी गाउँपालिकाको स्वयंसेवक परिचालन कार्यबिधि, २०७६ लाई सम्झनु पर्छ ।

(घ) दरबन्दी भन्नाले गाउँपालिकाबाट वडामा पठाइने स्वयंसेवकहरुको संख्या भन्ने सम्झनु पर्छ ।

(ङ) स्वयंसेवक परिचालन समिति भन्नाले दफा ९ बमोजिम गठित समित सम्झनु पर्छ ।

(च) गाउँपालिका भन्नाले पूर्विचौकी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(छ) सार्वजनिक सेवा भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीयय तहले प्रदान गर्ने सार्वजनिक सेवालाई सम्झनु पर्दछ ।

ज) संघ संस्था भन्नाले प्रचलित कानुन अनुसार दर्ता भएका संगठित संस्थालाई सम्झनु पर्दछ ।

झ) स्वंसेवक भन्नाले यो कार्यविधि अनुसार दर्ता भएका संगठित संस्थालाई सम्झनु पर्दछ ।

झ) स्वयंसेवा भन्नाले सुविधा लिई वा नलिई स्वःस्फुर्तरुपमा गरिने परोपकारी तथा स्वंसेवी क्रियाकलापलाई सम्झनु पर्दछ ।

ञ) संयोजक भन्नाले दफा ९ बमोजिम गठित समितिको संयोजकलाई सम्झनु पर्दछ ।

## परिच्छेद २ : स्वयंसेवक परिचालनको उद्देश्य, क्षेत्र र आधार

३.) **स्वयंसेवक परिचालनको उद्देश्य** : स्वयंसेवक परिचालनको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) समुदाय स्तरबाटै स्वयंसेवी भावनाको विकास गर्ने ।

ख) अल्पकालिन अवधिको लागि दक्ष व्यक्तिको सीप, दक्षता र क्षमताको सदुपयोग गरी सार्वजनिक निर्माण तथा सेवा प्रवाहमा सहजकिरण गर्ने

ग) वडा कार्यालयबाट प्रवाह हुने सेवाहरुलाई छिटो , छरितो, पारदर्शी र जवाफदेही बनाउने ।

४) **स्वयंसेवक परिचालनका क्षेत्र** : स्वयंसेवक परिचालनका क्षेत्रहरु देहाय बमोजिम हुनेछ ।

क) स्वास्थ्य, शिक्षा तथा सीप विकास

ख) महिला, वालवालिक, जेष्ट नागरिक, अपांगता तथा सामाजिक समावेसीकरण ।

ग) कानु तथा सामाजिक न्याय ।

घ) प्राकृतिक प्रकोप तथा जोखिम व्यवस्थापन ।

ङ) उद्यमशीलता तथा रोजगारी प्रर्वधन ।

च) आवधिक तथा विषयगत योजना तर्जुमा ।

छ) स्वयंसेवक परिचालन समितले तोकेका अन्य क्षेत्र ।

५) **स्वयंसेवक परिचालनका आधार** : स्वयंसेवक परिचालनका आधारहरु देहाय बमोजिम हुनेछन् ।

क) वडा कार्यालयमा आवश्यक जनशक्ति अभाव भएको वडाहरुमा सेवा पुर्‍याउने ।

ख) जनताको जीवनस्तर उकास्नको लागि उत्पादन क्षेत्रमा कार्यरत सहकारी वा सामुदायिक संघ संस्थाद्वारा संचालित कार्यक्रममा सहयोग गर्ने ।

ग) स्वयंसेवक परिचालन गर्दा भौगोलिक विकटता र वडाको जनसंख्यालाई आधार बनाउने ।

घ) लैंगिकमैत्री तथा सामाजिक समावेशीता अवलम्वन गर्ने ।

६) **स्वयंसेवकको सेवा प्राप्त गर्ने निकाय :**

क) गाउँपालिकाले आवश्यक महसुस गरेका वडाहरु ।

ख) गाउँपालिकाले आवश्यक महसुस गरेको विद्यालयहरु, वाल विकास केन्द्र तथा सिकाई केन्द्हरु

ग)	गाउँपालिकाले आवश्यक ठानेका गाउँपालिका भित्रका स्वाथ्य क्षेत्र लगायतका अन्य निकायहरु ।

७.	स्वयंसेवक माग गर्ने विधि :

१)	स्वयंसेवकको सेवा लिन चाहने दफा ६ बमोजिमका निकायले स्वयंसेवक माग गर्दा सम्वन्धित निकायको व्यवस्थापन समिति वा कार्यकारिणी समितिको निर्णय सहित प्रयोजन खोली गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

२)	उपदफा १ अनुसार स्वयंसेवक माग गर्दा वाडा कार्यालयको सिफारिस अनिवार्य चाहिनेछ ।

३)	उपदफा १ बमोजिम माग भएकोमा साधन, स्रोत र बजेटको उपलव्धताको आधारमा स्वयंसेवक समितिको सिफारिसमा गाउापालिकाले स्वयंसेवक छनौट गरी सम्बन्धित निकाय वा संस्थामा खटाई पठाउनेछ ।

८)	स्वयंसेवकको सेवा प्राप्त गर्ने निकायको जिम्मेवारी : स्वयंसेवकको सेवा प्राप्त गर्ने कियले देहाय बमोजिमको जिम्मेवारी बहन गर्नु पर्नेछ ।

क)	खटिई आएका स्वयंसेवकलाई तत्काल कार्य विवरण अनुसारको जिम्मेवारी दिई काममा लगाउने,

ख)	स्वयंसेवकको कार्यसम्पादनको मुल्यांकन र सुपरिवेक्षण गर्ने,

ग)	स्वयंसेवकले पाउने तोकिए बमोजिमका सेवा सुविधा सरल र सहजरुपमा उपलव्ध गराउने ।

घ)	खटिई आएका स्वयंसेवकलाई बृत्ति विकास, क्षमता विकास र व्यक्तित्व विकास सम्बन्धि स्थानीयस्तरमा उपलव्ध स्तरमा उपलव्ध अवसरमा सहभागी गराउने ।

ङ)	स्वयंसेवकको काम र कार्यसम्पादनको विवरण स्वयंसेवक परिचालन समितिमा पठाउने ।

## परिच्छेद ३ : समिति सम्बन्धि व्यवस्था

९)	स्वयंसेवक परिचालन समितिको गठन :

१)	स्वयंसेवक परिचालन सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न देहायबमोजिमको स्वयंसेवक परिचालन समिति रहनेछ ।

क)	गाउँपालिकाको अध्यक्ष : संयोजक

ख)	गाउँपालिकाको सामाजिक विकास समितिको संयोजक : सदस्य

ग)	प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव

२) समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमनत्रण गर्न सकिनेछ ।

३) समितिको बैठकको संचालन र व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

क) संयोजकको निदेशनमा सदस्य सचिवले समितिको बैठक बोलाउनेछ ।

ख) समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ । आवश्यकता अनुसार सो अघि पनि बस्नेछ तर एकै महिनामा दुई पटक बस्न पाइनेछैन ।

ग) समितिले आफ्नो बैठक सम्बन्धि कार्यविधि आफै तय गर्नेछ ।

**१०) समितिको काम कर्तब्य र अधिकार :**

क) स्वयंसेवा सम्बन्धि नीति तयार गरी स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने

ख) दफा १२ बमोजिम तोकिएको दरबन्दीमा नबढ्ने गरी स्वयंसेवकको वडागत दरबन्दी निर्धारण गर्ने

ग) स्वयंसेवकको परिचालनका लागि आवश्यक पर्ने स्रोतको योजना बनाई गाउँपालिकामा पेश गर्ने ।

घ) स्वयंसेवक छनौटका लागि गाउँपालिकालाइ आवश्यक सल्लाह दिने ।

**११) सेवा सुविधा सम्बन्धि व्यवस्था**

क) समितिका सदस्यहरुको बैठक भत्ता गाउँ कार्यपालिका सदस्यहरुले पाउने भत्ता बमोजिम हुनेछ ।

ख) समितिका सदस्यहरुले गर्ने काम कारवाहीको सिलसिलामा प्रचलित गाउँपालिकाको कानुन अनुसार पाउने सुविधा सरह हुनेछ ।

ग) कुनै व्यक्ति एकै दिन दुई बैठकमा सहभागि भई कुनै अर्को बैठकबाट भत्ता पाएको भए यो कार्यविधि अनुसारको सेवा सुविधा लिन पाउने छैन ।

## परिच्छेद ४ : दरवन्दी संरचना, छनोट, नियुक्ति रपदस्थापन

१२) **दरबन्दीको व्यवस्था :** १)गाउँसभाले स्वयंसेवकको संख्या निर्धारण गर्नेछ ।

(२) उपदफा (१) अनुसारको संख्या निर्धारण नभएसम्म गाउँपालिकाले स्वयं सेवक परिचालन समितिको सिफारिसमा स्वयं सेवकको संख्या निर्धारण गर्नेछ ।

१३ **स्वयंसेवकको लागि माग संकलन** (१) समितिले आवश्यक पर्ने

स्वयंसेवकहरुको विषयगत क्षेत्र , पद र कार्य विवरण खुलाई स्वयंसेवक आवश्यक पर्ने निकायहरुबाट समय समयमा सार्वजनिक सूचना मार्फत माग संकलन गर्नेछ ।

१४ **स्वयंसेवकको आवेदन सम्बन्धी व्यवस्था :** (१) स्वयंसेवक परि चालन सम्बन्धी कार्यक्रम अन्तर्गत स्वयंसेवक भई कार्य गर्न चाहने व्यक्तिका लागि समीतिले तोकिएको विषयक्षेत्र र पदमा आवेदन दिन सार्वजनिक सूचना आह्वान गर्नेछ ।

(२) यसरी निवेदन दिँदा इच्छुक व्यक्तिले विधुतीय माध्यमबाट समेत निवेदन दिन सक्ने व्यवस्था मिलाइनेछ ।

१५) **आवेदकको सूचीकरण :** (१) स्वयंसेवकको रुपमा काम गर्ने इच्छुक व्यक्तिहरुको योग्यता सहित सूचीकृत गरिनेछ । सामान्यतया सूचीकरण प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) आवेदकले सूचीकरणका लागि समितिको सूचना अनुसार आवेदन दिनुपर्नेछ ।

(ख) प्राप्त आवेदन छानविन /रुजु गरी तोकिएको पदको लागि आवश्यकता अनुसारको योग्यता पुगेका आवेदकको सूचीकरण गरिनेछ ।

(ग) सूचीकृत गर्दा विगतमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( एलजिसिपि) मा सामाजिक पारेचालक रही काम गरेका व यक्तिहरुलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

(घ) स्वीकृत आवेदनको आधारमा आवेदकलाई सम्बन्धित वडाकाका लागि सूचिकरण गरिनेछ ।

१६ **स्वयंसेवक हुने योग्यता** (१) स्वयंसेवकको देहाय बमोजिम हुनेछ :

(क) नेपाली नागरिक भएको ।

(ख) न्यूनतम १८ वर्ष पुरा गरी ४५ वर्ष ननाघेको ।

(ग) मान्यताप्राप्त शैक्षिक संस्थाबाट आवश्यक योग्यता हासिल गरेको

(घ) कुनैं कानूनले अयोग्य नठहरिएको ।

१७ **स्वयंसेवक छनौट तथा परिचालन :** (१) स्वयंसेवकको छनौट देहाय बमोजिमका आधारमा गरिनेछ । :

(क) स्वयंसेवकको छनौट समितिले तोके बमोजिमको परिक्षा विधि लिखित परीक्षा वा अन्तर्वाता वा दुवैको योग्यताक्रमका आधारमा,

(ख) स्वयं सेवक सेवाका लागि प्राप्त आवेदनलाई सम्बन्धित विषयक्षेत्रको

(ग) सम्बन्धित पदका उम्मेदवारले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको प्राप्ताङ्क प्रतिशत समेतको आधारमा, भौगोलिक , लैङ्गिक तथा सामाजिक समावेशिता र अपांगता का आधार मा समितिले निर्धारण गर्ने भारका आधारमा ,

(घ) विपदजन्य घटनामा पिडित परिवारलाई तत्काल खोज , उद्दार र राहतसँग सम्बन्धित कार्य गर्नका समितिले सम्बन्धित वडाको अनुरोधको आधारमा मौदा सूचीबाट स्वयंसेवक खटाउन सकिनेछ ।

(ङ) स्वयंसेवक खटाउँदा सम्वन्धित वडाको स्वयंसेवकलाई प्राथमिकता दिइनेछ ।

(२) उपदफा (१) बमोजिम छनौट भएका आवेदकको सूची सार्वजनिक गरिनेछ ।

१८ **स्वयंसेवकको नियुक्तिः** (१) स्वयंसेवकको नियुक्ति प्रक्रिया देहायबमोजिम हुनेछ :

(क) दफा १५ बमोजिम छनौट भएका आवेदकलाई समितिले स्वयंसेवकको नियुक्तिको निर्णय गर्नेछ ।

(ख) नियुक्त भएका स्वयंसेवकलाई तोकिएको निकायमा कार्यरत रहने गरी खटाउनेछ ।

(ग) नियुक्त स्वयंसेवकको लागि अभिमुखीकरण कार्यक्रम गरिनेछ ।

(घ) छनौट भएका आवेदकले सूचना प्रकाशन भएको मितिले नियुक्तिका लागि समितिमा सम्पर्क गर्नुपर्नेछ । , १५ दिनभित्र नियुक्तिपत्र नबुझे स्वतः रद्द हुनेछ र सो स्थानमा योग्यताक्रमको सूचीमा रहेको आवेदकलाई नियुक्त गरिनेछ ।

(ङ) सम्बन्धित निकायलाई नियुक्तिपत्रको बोधार्थ र सवयंसेवक खटाइएको पत्र पठाइनेछ ।

(च) कार्यावधि पूरा नगरी विशेष कारणले सेवा छाडेमा बाँकी अवधिको लागि समितिले सूचीमा रहेका आवेदकलाई नियुक्त गर्न सक्नेछ ।

(छ) नियुक्ति भई न्यूनतम ६ महिना काम गरे पश्चात अनुभवको प्रमाणपत्र दिइनेछ ।

१९ **स्वयंसवक खटाउने :** (१) दफा १८ बमोजिम नियुक्त स्वयंसेवकलाई देहाय बमोजिम खटाईनेछ ।

(क) स्वयंसेवक कार्यक्रम अन्तरगत खटिई आएका स्वयंसेवकलाई सम्बन्धित निकायले आफ्नो कार्यक्षेत्रमा रहेका विषयगत सेवा इकाइ तोकी कामकाजमा लगाउनेछ ।

(ख) स्वयंसेवकले हाजिर भएको जानकारी सम्बन्धित निकाय / इकाइमा हाजिर हाजिर हुनुपर्नेछ।

(ग) स्वयंसेवक हाजिर भएको जानकारी सम्बन्धित निकायले समितिमा यथाशिघ्र पठाउनुपर्नेछ।

२० **स्वयंसेवकको अवकाश :**(१) समितिले स्वयंसेवकलाई देहायको अवस्थामा अवकाश दिन सक्नेछ।

(क) तीनवर्षको कार्य अवधि पूरा भएमा,

(ख) खटाएको कार्यस्थलमा समयमा र नियमित रुपमा हाजिर नभएमा,

(ग) सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेमा,

(घ) खराब आचरण प्रदर्शन गरेमा,

(ङ) सम्बन्धित निकायले कारण खुलाई अवकाश दिने सिफारिश गरेमा,

(च) नैतिक पतन देखिने कसुर गरेमा,

(छ) दफा २३ बमोजिमका आचरण पालन नगरेमा।

## परिच्छेद ५ सेवा शर्त र सुविधाहरु

२१ **स्वयंसेवको सेवा शर्त :** (१) स्वयंसेवकको अधिकतम सेवा अवधि एक वर्षको हुनेछ। गाउँसभाले म्याद थपेपछि सेवा अवधि बढाइनेछ।

(२) समितिले पहिलोपटक ६ महिनाका लागि नियुक्ति दिनेछ। तत्पश्चात कार्यसम्पादन का आधारमा उपदफा(१) को अवधिमा नबढने गरी म्याद थप गर्न सक्नेछ।

२२ **स्वयंसेवकलाई दिईने सुविधा :** (१) स्वयंसेवकलाई मासिक १२ हजार रुपैंया निर्वाह भत्ता उपलव्ध गराईनेछ।

(२) स्वयंसेवकलाई चाडपर्व खर्चबापत बार्षिक रुपमा एकमुष्ट १५ हजार प्रदान गरिनेछ। यो खर्च प्राप्त गर्न एक वर्षको सेवा अवधि पूरा गरेको हुनुपर्नेछ। कम्तीमा ६ महिना सेवा अवधी पुरा गरेका चाँडखर्च वापतको कुल रकमको आधा दिन सकिनेछ।

(३) यो कार्यविधि पारम्भ हुनुपूर्व नियुक्त भएकाको हकमा साविकको सम्झौता बमोजिम नैं हुनेछ।

(४) स्वयंसेवकको मासिक निर्वाह भत्ता लगायतको सुविधा समितिबाट सम्वन्धित निकाय मार्फत प्रदान गर्ने व्यवस्था गरिनेछ।

२३ **स्वयंसेवकको लगि विदाको व्यवस्था :**(१) स्वयंसेवकलाई देहाय बमोजिमका विदाको सुविधा दिइनेछ :-

(क) बार्षिक विदा : २० दिनमा नबने गरी,

(ख) किरिया विदा : आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन

(२) स्वयंसेवकको विदाको स्वीकृत सम्बन्धित निकायको प्रमुखबाट हुनेछ।

(३) स्वयंसेवकले पाउने विदा सञ्चित गरे वापत कुनैं थप सुविधा दिईने छैन ।

(४) एक वर्षभित्र पाउने विदा सोही वर्षभित्र उपभोग गरिसक्नुपर्नेछ ।

## परिच्छेद ६ विविध

२४ **स्वयंसेवकको आचरण** :(१) स्वयंसेवकले देहाय बमोजिमका आचरण पालना गर्नुपर्नेछ ।

(क) इमान्दार , शिष्ट नम्र , सदाचार आचरणे अवलम्बन गर्नुपर्ने ,

(ख) लैङ्गिक समानता,सामाजिक समावेशिता र बाल संरक्षणको सिद्धान्तलाई अवलम्बन गर्नुपर्ने ,

(ग) सार्वजनिक र अन्य निकायहरुको काम कारवाहीमा हस्तक्षेप गर्न नहुने

(घ) सामाजिक सद्भाव र शान्ति व्यवस्थामा खलल्पुऱ्याउने काम गर्न नहुने,

(ङ) राजनीतिक भाग लिन नहुने ,

च) विद्यमान नीतको प्रतिकुल हुने गरी व्यवहार गर्न नहुने,

२५ **निःशुल्क स्वयंसेवा** :(१) निःशुल्क स्वयंसेवा गर्न चाहने व्यक्तिलाई कार्य गर्न चाहेको क्षेत्र , संस्था र व्यक्तिको योग्यता हेरी समितिले अनुमति दिन सक्नेछ ।

(२) कुनैं संघसंस्था वा निकायले स्वयंसेवक परिचालन सम्बन्धी कार्य गर्न चाहेमा समितिको अनुमति लिई संचालन गर्न सक्नेछ ।

२६ **विशेष परिस्थितिमा स्वयंसेवकको परिचालन** :(१) कुनैं सरकारी वा सार्वजनिक निकायबाट विशेष परिस्थितिमा छोटो अवधिका लागि स्वयंसेवकको माग भई आएमा समितिले सूचीमा रहेका सम्बन्धित विषयका आवेदकमध्येबाट बढीमा तीन महिनासँकालागिस्वयंसेवक नियुक्ति गरी काममा लगाउन सक्नेछ ।

स्पष्टिकरण : यस दफा प्रयोजनका लागि शिष परिस्थिति भन्नाले बाढी पहिरो, आगलागी भुकम्प प्राकृतिक प्रकोपबाट उत्पन्नबाट उत्पन्न भएको परिस्थितिलाई सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको परिसितिमा स्वीकृत बार्षिक बजेटभित्र रही समितिको स्वीकृतिमा कुल दरबन्दी थप समेत हुने गरी स्वयंसेवक

नियुक्ति गर्न सक्नेछ ।

**२७ हाजिरी तथा प्रतिवेदन सम्बन्धी व्यस्था :** स्वयंसेवकले प्रत्येक महिनाको हाजिरी र मासिकरुपमा गरेको कार्यसम्पादनको प्रतिवेदन आफू कार्यरत निकाय/कार्यालय प्रमुखबाट प्रमाणित गराई अनिवार्यरुपमा समितिमा पठाउनुपर्नेछ ।

२८ **अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था :**(१) स्वयंसेवकको सेवा लिने किाय तथा स्वयंसेवककहरको अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) स्वयंसेवकले आफूले गरेको मासिक कार्यहरुको विवरण सहितको प्रतिवेदन सेवा प्रदान गरेको कार्यालयबाट प्रमाणित गराई समितिमा पठाउनु पर्नेछ ।

(ख) सेवा प्राप्त गर्ने निकायले स्वयंसेवकको कामको नियमित रुमा अनुगमन गर्नुपर्नेछ ।

(ग) स्वयंसेवकले गरेको कार्यको अनुगमन तथा सुपरीवेक्षण गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले गर्नेछ ।

(घ) सम्बन्धित निकायबाट स्वयंसेवकले गरेका कार्यको अनुगमन भए /नभएको विषयमा आवश्यकता अनुसार तेस्रो पक्ष संलग्न गराईस्थलगत अनुगमन गरिनेछ ।

(ङ) अनुगमनका लागि आवश्यक बजेटको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

२९ **बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कायान्वयन गर्दा कुनैंबाधा आएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउनेछ ।

३० **खारेजी र बचाउ** (१) यस कार्यबिधिमा भएका प्राब्धान प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हद सम स्वतः अमान्य हुनेछ ।

(२) यो कार्यविधि लागु हुनु भन्दा पहिले नियुक्ति भई कार्यरत स्वयंसेवक यस कार्यविधि अनुसार नियुक्ति भएको मानिनेछ ।

३० **संसोधन :** यस कार्यबिधिको कुनैं प्राब्धाम संसेधन वा खारेज गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।